# नार्सों गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

धारापानी, मनाङ
गण्डकी प्रदेश, नेपाल

## सिलवन्दि दरभाउपत्र पुन आव्हान गरीएको सुचना

*(प्रथम पटक प्रकाशित मिति: २०७६।११।३०)*

**(दोस्रो पटक प्रकाशित मिति: २०७७/०२/१६)**

यस नार्सों गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, धारापानी,मनाङको आ.ब.२०७६।७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका निर्माण सम्वन्धि योजनाहरु खुला राष्ट्रिय स्तरको सिलवन्दी दरभाउपत्र बाट प्रतिष्पर्धा गराई कार्यसम्पन्न गर्नुपर्ने भएकोले ईच्छुक ठेकेदार फर्महरुलाई कम्पनी दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता (VAT) प्रमाणपत्र, निर्माण व्यवसायी ईजाजतपत्र, आ.ब. २०७५।७६ को करचुक्ता प्रमाणपत्र, तोकिएबमोजिमको गा.पा.को धरौटी खातामा नगद जम्मा गरेको प्रमाण वा बैंक ग्यारेण्टी, आफु प्रतिष्पर्धामा भाग लिन अयोग्य नरहेको स्वघोषण पत्र, प्रतिनिधि मनोनयन गरि पठाएको पत्र लगायत अन्य आवश्यक कागजातसहित बोलपत्र फाराम खरिद गरी प्रतिष्पर्धामा भाग लिनका लागि राष्ट्रिय स्तरका योग्य दरभाउपत्रदाताहरुका लागि *मिति : २०७६।११।३०* सिलवन्दि दरभाउपत्र आव्हान गरिएकोमा विश्व माहामारी Covid-19 का कारणले गर्दा नेपालमा २०७६/१२/११ गतेबाट भएको बन्दाबन्दीले गर्दा स्थगित भएको सिलवन्दि दरभाउपत्र पुन आव्हान गरीएको सुचना जानकारी गरिन्छ ।

१. सिलवन्दि दरभाउपत्र गाउँ कार्यपालिकाको कार्यालयको योजना शाखाबाट नगदै रु.१,०००।- को रसीद काटी निवेदन साथ कम्पनी दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता (VAT) प्रमाणपत्र, निर्माण व्यवसायी ईजाजतपत्र, आ.ब. २०७५।७६ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न राखी निवेदन पेश गरी मिति २०७७।०२।१६ बाट २०७७।०२।२२ गते कार्यालय समयसम्म खरिद गर्न सकिनेछ ।

२. सार्वजनिक खरिद कानुन बमोजिम कालोसुचीमा परेको फर्म तथा प्रचलित कानुन बमोजिम गलत कार्य गरी कारबाहीमा परेका र दरभाउपत्र पेश गर्न अयोग्य फर्महरुले दरभाउपत्रपेश गर्न पाउने छैनन् । आफु योग्य रहेको व्यहोरा सहितको स्वघोषणा पत्र दरभाउपत्र खरिद गर्दाका वखत पेश गर्नुपर्नेछ । झुठा व्यहोरा पेश गरी कार्य गरेको प्रमाणित भएमा तत्काल सम्झौता रद्द गरी कारबाहीका लागि लेखी पठाईनेछ ।

३. दरभाउपत्र २०७७।०२।२३ गते १२ बजेभित्र कार्यालयको योजना शाखामा दर्ता गरिसक्नुपर्नेछ, म्याद नाघी आएका दरभाउपत्रहरु उपर कारबाही गरीने छैन ।

४. दरभाउपत्रमा हरेक पृष्ठमा अधिकारप्राप्त प्रतिनिधिको दस्तखत तथा फर्मको छाप सहित दरभाउपत्र कागजातमा माग भएका सम्पुर्ण सुचना तथा दररेटहरु प्रष्ट ढंगले भर्नुपर्नेछ ।

५. सिलवन्दि दरभाउपत्रसाथ जमानतका लागि तपसिल बमोजिमको रकम नार्सों गाउँपालिकाको प्रभु बैंक लि. धारापानी, मनाङमा रहेको ग ३ धरौटी खाता नं.१८६००२०११२१०७४००००४ मा नगदै जम्मा गरेको सक्कल भौचर वा कम्तीमा ७५ दिनको मान्य अवधि भएको नेपालको क वर्गको वाणिज्य बैंकको ग्यारेण्टी सिलवन्दि दरभाउपत्रसाथ पेश गर्नुपर्नेछ ।

६. दरभाउपत्र फिर्ता वा संशोधन सम्वन्धी व्यवस्था प्रचलित कानुन अनुसार हुनेछ ।

७. दरभाउपत्रको मान्य अवधि ४५ दिनको हुनेछ ।

८. समयभित्र दर्ता हुन आएका सिलवन्दि दरभाउपत्रहरु दरभाउपत्रदाताहरु समेतको रोहवरमा २०७७।०२।२३ गते दिनको २ बजेपछि खोलिनेछ । दरभाउपत्रदाताहरु उपस्थित नभएपनि उक्त दरभाउपत्रहरु खोल्न बाधा पर्ने छैन ।

९. निर्माण स्थलको भ्रमण तथा अन्य कार्य सम्वन्धी जानकारीका लागि कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

१०. कार्यालयले तोकेको मितिमा सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिनलाई नै आधिकारीक मिति मानिनेछ ।

११. अन्य कुराहरु प्रचलित खरिद कानुन तथा कार्यालयको निर्णयानुसार हुनेछ ।

### योजनाको विवरण:

| क्र.सं. | ठेक्का नं. | योजनाको नाम तथा ठेगाना | लागत अनुमान (भ्याट सहित रु.) | धरौटी रु. |
|---|---|---|---|---|
| १. | SQ-15/076/77 | ताचै गाउँ टावर तथा होमस्टे सूरक्षाका लागि तटवन्धन योजना, नार्सों-८ । | ८,००,०००.०० | २०,०००.०० |
| २. | SQ-16/076/77 | बगरछाप गुम्बामा लामा आवश सुधार कार्य, नार्सों-९ । | ७,००,०००.०० | १७,५००.०० |
| ३. | SQ-17/076/77 | दानक्यू हिमालयन होटल तथा स्याउवारी क्षेत्रमा ढल व्यवस्थापन कार्यकम, नार्सों-९ । | ७,००,०००.०० | १७,५००.०० |

तिज घले
निमित्त प्रमुख प्रशासकीय अधिकृत

निमित प्रमुख प्रशासकीय अधिकृत